मधेश प्रदेश सरकार

२०७९/४/२६

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

जनकपुर टुडे

नक्टाझिज; धनुषा, नेपाल

# साझेदारीमा सोलार पम्प सिंचाई प्रणाली स्थापनाको लागि आवश्यक यन्त्र उपकरण र सामाग्रि आपुर्तिकर्ता सुचीकरण तथा मूल्य निर्धारण सम्बन्धि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०४/२६

यस निर्देशनालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेशका "निजी, सार्वजनिक, सहकारीको साझेदारीमा सोलार पम्प अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७" र "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ "वमोजिम साझेदारीमा सोलार सिंचाई प्रणाली स्थापना कार्यक्रम संचालनको लागि आवश्यक यन्त्र उपकरण सामाग्री आपुर्ति र जडान गर्न ईच्छुक आपुर्तिकर्ता फर्म/कम्पनीहरुलाई २०७९/०५/१५ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी प्राविधिक प्रस्ताव र न्यूनतम मूल्य सुची छुट्टाछुट्टै खाममा राखि एकमुष्ट खामवन्दी गरी प्रस्ताव फारम पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। रित पुगेका र म्याद भित्र प्राप्त भएका, प्राविधिक स्पेशिफिकेशन र आपुर्तीका शर्त पूरा गरेका प्रस्तावहरु मात्र सूचीकृत गरिनेछ। यसरी सूचीकृत हुने आपुर्तीकर्ताले पेश गरेको प्रति इकाई न्यूनतम बिक्री मूल्यलाई मात्र मुल्य निर्धारण प्रकृयामा समावेश गरिनेछ। वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकेको अधिकतम मुल्य भन्दा बढी मुल्य प्रस्ताव गर्ने आपुर्तीकर्तालाई सूचीवाट हटाईनेछ। यस संग सम्बन्धित स्वीकृत प्राविधिक स्पेशिफिकेशन र प्रस्ताव फारम यस कार्यालयवाट वा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ। प्रस्ताव फारम वापत पछि फिर्ता नहुने गरी विस्तृत सुचनामा उल्लेख भए वमोजिमको खातामा रु. १०००/- नगद जम्मा गरेको सक्कल राजश्व भौचर पेश गर्नु पर्नेछ। थप जानकारीको लागि यस निर्देशनालयको मो.नं. ९८५४०२२३७९/ ९८१२८७२३५१ मा सम्पर्क गर्न हुन अनुरोध छ।